निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## निर्वाचन आयोग, नेपाल

**स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुका नाउमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्रकाशन मिति २०७९।५।२३

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनु पर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिन भित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भई सकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेवसाईटमा र सो कार्यालयको सूचना पार्टीमा समेत टास गरिएको हुँदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

◆◆◆

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०७९।५।२३

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरुले आफू उम्मेदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्लाको प्रदेश वा जिल्ला निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेवसाईटमा र जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पार्टीमा समेत टास गरिएको हुदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦

स्थानीय तह सदस्य निर्वाचन, २०७९ अन्तर्गत रुकुम पुर्व जिल्लाको भुमे गाउँ कार्यपालिका सदस्यमा उम्मेदवार बनेका उम्मेदवारहरुले निर्वाचन खर्च पेश गरे/नगरेको विवरण

| क्र.सं. | स्थानीय तह | पद | उम्मेदवारको नाम | मतदाता प.प.नं | लिङ्ग | उमेर | राजनीतिक दल/स्वतन्त्र | निर्वाचित/ पराजित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भूमे गाउँपालिका | महिला सदस्य | सुन कुमारी रोका | १४४१९६१८ | महिला | ४७ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्विरोध | समयमा पेश |
| २ | भूमे गाउँपालिका | महिला सदस्य | भिमला वि.क. | १८८८६३०८ | महिला | ३३ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्विरोध | समयमा पेश |
| ३ | भूमे गाउँपालिका | महिला सदस्य | फोमली बुढा | ०९४१७१४० | महिला | ४२ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्विरोध | समयमा पेश |
| ४ | भूमे गाउँपालिका | महिला सदस्य | भारती नेपाली | ०९४१२५७४ | महिला | ३८ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्विरोध | समयमा पेश |
| ५ | भूमे गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | भागि लाल दमाई | १०६३९६०६ | पुरुष | ५९ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्विरोध | पेश नगरेको |
| ६ | भूमे गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | जीत बहादुर कामी | ०९४१७४५२ | पुरुष | ६३ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्विरोध | पेश नगरेको |